# २. ब्राह्मणको पहिचान जन्मले हैन, ज्ञान र सत्य वचनबाट हुन्छ

– शिरीषवल्लभ प्रधान

मानिसले समाजलाई सुव्यवस्थितरुपले संचालन गर्न र व्यावहारिक उद्येश्य परिपूर्तिका निम्ति परापूर्व कालदेखि नै विभिन्न जात, जाती तथा वर्गहरुको सृजना गर्दैआएको पाइन्छ। यसैक्रममा वैदिक कालखण्डमा ब्राह्मण, क्षत्रिय, वैश्य, सुद्र गरी चार वर्ण तथा अनेकन जाती उपजातीहरुमा मानिसलाई विभाजित गर्ने कार्य भए। सामाजिक सुव्यवस्था कायम गर्न तथा कार्यविभाजनको उद्येश्यले जात, जातीको सृजना गरिएता पनि विभिन्न कालखण्डमा त्यसबाट जातीय भेदभाव, साना, ठूलाको भावना तथा छुवाछुतको गलत परम्परा र संस्कार विकसित भै समाजमा नकारात्मक प्रवृत्ति हावी भएको देखिन्छ। जातीय तथा वर्गीय विभाजन तथा भेदभाव हाम्रो जस्तो विकासशील र आर्थिकरुपले पिछडिएका मुलुकमा मात्र नभै विकसित तथा सम्पन्न मुलुकहरुमा समेत त्यसले राम्रै जरो गाडेको देखिन्छ। विकसित भनाउंद देशहरुमा समेत काला र गोरा जाती, उच्च वर्ग र तल्लो वर्ग तथा मालिक र मजदुर वीच भेदभाव हुने गरेको ज्वलन्त उदाहरणहरु पाइन्छ।

हिन्दूहरुको प्राचीन ग्रन्थ ऋग्वेदको पुरुष सुक्तमा सम्पूर्ण मानव समाजलाई विशाल मानव शरीरकोरुपमा परिकल्पना गरिएको छ। त्यसमा भनिएको छ, विलक्षण वौध्दिक प्रतिभा सम्पन्न ब्राह्मण जाती त्यस भीमकाय मानव शरीरको मुख हो भने प्रशासनिक क्षमता भएका तथा वलवान् मानिने क्षेत्रिय त्यसको हात हो। कला, व्यापार कृषि क्षेत्रमा संलग्न वैश्यजाती त्यसको पेट र तिघ्रा हो। त्यसैगरी सेवाकार्यमा संलग्न शुद्र त्यसको खुट्टा हो। (ऋग्वेद १०.९०.११)। यसरी वेदमा श्रमको आधारमा मानिसलाई चार वर्णमा विभाजन गरिएको पाइन्छ। त्यसमध्ये ब्राह्मण जाती वेद, उपनिषद्का ज्ञाता, उच्च वौध्दिक स्तरका र अध्ययनशील भएकोले उनीहरुलाई उच्च कोटीमा राखिएको हुनुपर्छ।

यसरी कर्म र ज्ञानको आधारमा मानिसलाई विभिन्न जात, जातीमा वर्गीकरण गर्ने प्रचलनकै कारण वेद, वेदांगको अध्ययन गर्ने मानिस सुवेदी कहलाइए। त्यसैगरी दुई वेद पढ्ने व्दिवेदी भ एभने तीन वेद पढ्ने त्रिवेदी र चारै वेद अध्ययन गर्ने चतुर्वेदी कहलाइए। तर पछि गएर गलत परम्परा विकसित हुनथाल्यो। मानिसले ज्ञान, गुण, अध्ययन, मननका कुरा विर्सिए। केवल जन्मको आधारमा, कुलको

आधारमा नै ब्राह्मणको उपाधि दिइयो । वेद, उपनिषद आदि अध्ययन गर्नु जरुरी ठानिएन ब्राह्मण बन्नको निम्ति ।

वास्तवमा वेद, उपनिषद् आदि शास्त्रहरु अध्ययन गर्ने, वेदको मर्म बुझ्ने सच्चरित्रवान् र सत्यवादी व्यक्तिलाई ब्राह्मण भनिन्छ । ब्राह्मणको परिभाषा के हो त भनी खोजीनीति गर्ने सन्दर्भमा यहां छान्दोग्योपनिषदमा उल्लिखित सत्यकाम जावालको कथा कोट्याउनु प्रासांगिक हुनेछ ।

परापूर्वकालमा जावाला नाम गरेकी एक महिला थिइन्, जो घर, घरमा गै अरुको सेवागर्ने परिचारिकाको कार्य गर्दथिन् । उनको सत्यकाम नाम गरेका एकजना पुत्र थियो । सत्यकामलाई एकदिन गुरुकुलमा गै विद्या अध्ययन गर्ने इच्छा जागृत भएछ । उसले आमासंग गएर सोधेछन्, *आमा म गुरुकहां गएर विद्या हासिल गर्न चाहन्छु, कृपागरी मेरो थर, गोत्र के हो बताइदिनुस् ता कि गुरुले सोधेको खण्डमा जवाफ दिन सकूं ।* आमा जाबालाले भनिन्, *प्यारो छोरा, तिम्रो गोत्र के हो मलाई पनि थाहा छैन । म जवानीको वखत विभिन्न मानिसहरुको घर, घर गै उनीहरुको सेवा गर्ने परिचारिका थिएं । त्यसैवखत एकजना पुरुषसंग मेरो संपर्क भै तिम्रो जन्म भयो । तर उसंग मेरो अहिले सम्पर्क छैन र कामको अलमलमा मैले उसको नाम, थार सोध्न पनि भ्याइन । मेरो नाम जाबाला हो र तिम्रो सत्यकाम हो, गुरुले सोधेको खण्डमा सत्यकाम जाबाल भनेर आफ्नो परिचय दिनु ।*

जब सत्यकाम गुरुकहां विद्याध्ययनको निम्ति पुगे । गुरुले उनको गोत्र सोध्दा उनले आमाले भनेबमोजिम सत्यतथ्य बताए र म सत्यकाम जाबाल हूं भनी परिचय दिए । यसरी ती बालकले सत्य बचन बोलेकाले उनको सत्य वचनबाट प्रभावित भै गुरुले भने, तिमीले जसरी स्पष्ट शब्दमा सत्य वचन बोल्यौ, त्यो भन्दा ठूलो ब्राह्मणको अर्को परिचय के चाहियो र ? तिमी निःशन्देह ब्राह्मण नै हौ । यति भनी गुरुले ती बालकको उपनयन गरी गुरुकुलमा राखी शिक्षा, दिक्षा दिए । यसबाट के प्रमाणित हुन्छ भने वैदिक कालमा सत्य बोल्ने मानिसको कदर हुन्थ्यो । त्यसबखत जाती र कुलभन्दा मानिसको चरित्र, वुध्दि र विवेकलाई महत्व दिइंदो रहेछ ।

ब्राह्मणमा हुनपर्ने गुणहरु के के हुन् भन्नेबारे मनुस्मिृति भन्छ, *जसलाई सबै वेदको ज्ञान छ, त्यही श्रेष्ठ ब्राह्मण हो । ब्राह्मणले कहिल्यै हिंसा गर्नु हुंदैन, नम्र वचन बोल्नुपर्छ, सदैव अनुशासनमा रहनुपर्छ,* ऋषि मनु भन्छन् । उनका अनुसार *ब्राह्मण मनले शान्त, सुन्दर र स्वच्छ रहनुपर्छ । उसले कसैको मन दुखाउंन हुंदैन, कसैप्रति शत्रुताको भाव राख्न हुंदैन । अरुप्रति अपमानजनक शब्द बोल्नु हुंदैन ।ब्राह्मणले आफू अपमानित हुनपरेता पनि क्रोधित हुनहुंदैन, अरुको अपमान गर्नु हुंदैन, बरु*

*अपान सहेर बस्नुपर्छ।* मनुका अनुसार अपमान गर्ने व्यक्ति कहिल्यै सुखी हुंदैन, तर अपमानित हुने व्यक्ति सदा सुखी रहन्छ ।

ब्राह्मण उपाधि प्राप्त गर्नकानिम्ति कस्ता व्यक्ति योग्य हुन्छन् त भन्ने प्रश्नमा बज्रसूचिका उपनिषद्मा निकै रोचक दृष्टान्त दिइएको छ । त्यसमा भनिएको छ, सत्य, ज्ञान, आनन्दस्वरुप, समस्त दोषबाट मुक्त, अहंकार, तृष्णा, मोह आदि विहीन, रागव्देष रहित ब्रह्म भावले युक्त व्यक्तिलाई मात्र ब्राह्मणको निम्ति योग्य पात्र मान्न सकिन्छ । (बज्रसूचिका–१)

ब्राह्मण केलाई भनिन्छ भन्ने विषयमा सामवेदमा आधारित यस उपनिषद्मा निकै रोचक तर्कवितर्क गरिएको छ । के ब्राह्मण भनेको शरीर हो, अथवा जाती हो, वा ज्ञानलाई ब्राह्मण भनिएको हो वा कर्मलाई भनिएको हो अथवा धार्मिकतालाई भन्ने विभिन्न प्रश्नहरुको यसमा तार्किक दृष्टिले निरुपण गरिएको छ ।

ब्राह्मण शरीर हुनसक्दैन, किनभने चाण्डालदेखि सबै मानिसहरुको शरीर एकै प्रकारको हाड, मासु, छाला आदिव्दारा निर्मित हुन्छ । फेरि ब्राह्मणको शरीर सेतो, क्षेत्रियको राता अथवा वैष्यको पहेंलो पनि त हुंदैन । त्यसैले शरीरलाई ब्राह्मण भनिएको हुनसक्दैन, भनी सो उपनिषदमा तर्क गरिएको छ ।

त्यसो भए के जातीकै आधारमा मानिसलाई ब्राह्मण भन्न सकिन्छ त ? यदि त्यसो हो भने विभिन्न जातीमा जन्मेका मानिसहरु ज्ञानी कसरी कहलिए त ? कुशबाट जन्मिएका कौषिक ऋषि, मत्स्यगन्धा कन्याबाट जन्मिएका वेदव्यास, स्वर्गकी अप्सरा उर्वशीबाट जन्मिएका वशिष्ठ, हरिणबाट जन्मिएका श्रृंगी ऋषि आदि ब्राह्मणसरह पूज्य बने र तिनीहरु ज्ञानी कहलिएका छन् । तसर्थ कुनै निश्चित जातीमा जन्मंदैमा पनि सच्चा ब्राह्मण बनिंदैन ।

केवल आध्यात्मिक ज्ञान हासिल गरिएको आधारमा मात्र पनि कोही व्यक्ति ब्राह्मण कहलिन सक्दैन । यदि ज्ञान नै ब्राह्मणत्वको आधार भए कतिपय ज्ञान हासिल गर्ने क्षत्रिय जातीका विव्दान् जस्तै राजा जनक पनि त ब्राह्मणको कोटीमा पर्नुपर्ने हो । त्यस्तै कर्मले पनि कोही ब्राह्मण कहलिन सक्दैन भन्ने तर्क प्रस्तुत गर्दै अन्त्यमा सो उपनिषदमा भनिएको छ, सच्चरित्रवान्, अहंकार रहित, ब्रह्म ज्ञान हासिल गर्ने व्यक्ति मात्र बास्तवमा ब्राह्मण कहलिन योग्य छ ।

शास्त्रहरुमा ब्रह्मलाई देवताहरुको ब्राह्मण भनिएको छ । ब्राह्मण र क्षत्रियवीचको सम्बन्धलाई उजागर पार्दै वृहदारण्यकोपनिषद्मा भनिएको छ, *ब्रह्म वा इदमग्रआसीदेकमेव तदेक् ँ सन्न व्यभवत् ।* अर्थात्, सृष्टिको सुरुमा एक ब्रह्ममात्र

थियो र एक्लो भएको कारण सृष्टि संचालन गर्न ऊ असमर्थ भै उसले इन्द्र, वरुण, सोम, यम आदि क्षत्रिय देवताहरु सृजना गर्यो । ती क्षेत्रीय देवताहरु बलशाली तथा उत्कृष्ट कहलिए । क्षत्रियहरुबलवान्भएकाले उनीहरुले ब्राह्मणको हिंसा नगर्नु किनकि ब्रह्मस्वरुप भै क्षत्रियहरुको योनी अर्थात् उद्गमस्थल भएकोले ब्राह्मणको हिंसा नगर्नु अर्थात् उनीहरुलाई हानी नपुर्याउनु वा हेला नगर्नु, त्यसो गरिएमा पाप अर्थात् विनाश प्राप्त हुन्छ भनी भाष्यकार शंकर लेख्दछन् ।

तर क्षत्रिय जातिका देवताहरुको सृजनाले मात्र सृष्टि संचालन गर्ने कार्य सहज हुन सकेन । त्यसो हुनाले कर्म गर्ने प्रयोजनका निम्ति धनोपार्जन गर्ने बसु, रुद्र, आदित्य आदि वैश्यजातीका देवताहरुको रचना गरियो । (वृहद्. १.४.१२)

त्यत्तिगर्दा पनि सृष्टि संचालन कार्य पूर्ण नभएपछि ब्रह्मले सेवा गर्ने शूद्र वर्णका देवता पूषाको रचना गरे । पृथ्वी नै शूद्र वर्णको पूषा मानिएको छ, किनभने पृथ्वीले नै मानिसहरुको पोषण अर्थात् सेवा गर्दछ । (वृहद्. १.४.१३)

यसरी चारै वर्णको सृजना भएपछि पनि सृष्टि संचालन निर्विघ्नपूर्वक हुन सकेन । किनभने कमजोरलाई बलियो ले दबाउन थाल्यो । तसर्थ वलशाली क्षत्रिय वर्णमाथि अंकुश लगाउन नियम, कानूनको जरुरत भयो र धर्मको सृजना गरियो । धर्म नै सत्य हो। धर्मको माध्यमले. कमजोर पनि शक्तिशाली भै बलियामाथि विजय हासिल गर्न समर्थ भए । जसरी ब्राह्मण, क्षत्रिय, वैंश्य, शूद्र चारै वर्णका देवताहरु सृजना भए त्यसैगरी चारैवर्णका मानिसहरु पनि जन्मिए । यसरी ब्रह्मले कर्म गर्नकोनिम्ति विभिन्न वर्णहरुको सृजना गरे, सो उपनिषद्ले भन्छ ।

हालको आधुनिक युगमा पनि समाजमा विभिन्न कार्यहरु सम्पादन गर्नकानिम्ति श्रम विभाजनको सिध्दान्त अनुरुप कामदार र व्यवस्थापक गरी मानिसहरुलाई विभिन्न श्रेणीमा विभाजन गरियो । त्यसैगरी पेशागतरुपमा पनि श्रमकै आधारमा डाक्टर, इन्जिनीयर, वकिल, शिक्षक आदि समूहमा कार्य विभाजन (डिभिजन अफ लेबोर) गरिएको छ, जसव्दारा सामाजिक सुव्यवस्था कायम हुन सकियोस् ।